आज मिति २०८० साउन २९ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ३२ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री रमेश कार्की, का वा वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतवहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगा बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर वस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री ईन्द्रलाल कार्की, का वा वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा वस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री मान बहादुर ठाडा, लेखा अधिकृत आठौं
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री कुल बहादुर खड्का, प्रशासन शाखा
श्री विजय कुमार खत्री, ईन्जिनियर
श्री ईन्द्र बहादुर रोका, अ स ईन्जिनियर
श्री डिल कुमारी राना, कार्यालय सहयोगी
श्री वीरबहादुर सुनार, सहयोगी
श्री प्रकाश पौडेल, रोजगार संयोजक

निर्णय प्रमाणित

| क.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | नगर दररेट सम्वन्धमा । |
| २. | ग्रामिण, सहरोन्मुख र शहरीक्षेत्र निर्धारण सम्वन्धमा । |
| ३. | टेण्डर र उपभोक्ता समिति सम्वन्धमा । |
| ४. | वार्षिक समिक्षा सम्वन्धमा । |
| ५. | विविध सम्वन्धमा । |

## मिति २०७९।०४।२९ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. ०१ : नगर दररेट सम्वन्धमा ।**

**निर्णय नं. ०१ :** यस भेरीगंगा नगरपालिकाको आ व २०८०।०८१ का लागि विभिन्न सामग्रीहरु खरिद, ढुवानी तथा दक्ष अदक्ष ज्यामी लगायतको नगर दररेट प्राविधिक शाखावाट पेश भएबमोजिम स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०२ : ग्रामिण, सहरोन्मुख र शहरीक्षेत्र निर्धारण सम्वन्धमा ।**

**निर्णय नं. ०२ :** राष्ट्रिय भूमि आयोगबाट प्राप्त पत्र अनुसार ग्रामिण, सहरोन्मुख र शहरीक्षेत्र निर्धारण सम्वन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०३ : टेण्डर र उपभोक्ता समिति सम्वन्धमा ।**

**निर्णय नं. ०३** : आ ब २०८०।०८१ का लागि यस नगरपालिकावाट सन्चालन गरिने कार्यक्रम तथा आयोजनाहरुको प्रकृतिका आधारमा टेन्डर आहान तथा उपभोक्ता समिति गठन गरी कार्य सन्चालन प्रक्रिया भाद्र महिनाबाट सुरु गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०४ : बार्षिक समिक्षा सम्वन्धमा ।**

**निर्णय नं. ०४ :** यस नगरपालिकाको आ ब २०७९।०८० मा भएका कार्यहरुको वार्षिक समिक्षा २०८० भाद्र ८ गते विहान ११ बजे सम्पन्न गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०५ : विविध सम्वन्धमा ।**

**निर्णय नं. ०५ (क) :** नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम NCCSP 2 संगको साझेदारीमा आयोजना संचालनका लागि नगरपालिकावाट रु ३६००००० छत्तिस लाख मात्र समपूरक कोषबाट विनियोजन गर्ने र तपशिल बमोजिमका योजनाहरु प्राथमिकीकरण गरी सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपशिल**

**गत बर्षको निरन्तरता दिने आयोजनाहरु**

१. काउले खानेपानी आयोजना – भेरीगंगा वडा नं. ४

२. कृषि कार्य निरन्तरता - वडा नं १० करेले र वडा नं १२ मसिना

आ ब २०८०।०८१ का लागि NCCSP 2 को सहलगानीमा निर्माण गर्न सिफारिस गरिएका नयाँ योजनाहरु

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | झिङ्नीखोला सिंचाई कुलाहरु मर्मत र तटबन्ध निर्माण | ६, ७, ८ र ९ | |
| २ | तोलिखोला, छिन्चुखोला सिचाई कुलाहरु मर्मत र तटबन्ध | ४, ५, १० र १२ | |
| ३ | समैझिघाट तटबन्धन र बाँसघारी सिचाँई कुलो मर्मत | २ | |
| ४ | बुलबुले कक्करे गिद्धे कुइने खोला सिचाँई र तटबन्धन | ५ | |
| ५ | माथिल्लो नेवार टोलदेखि लाम्पाटा सिचाँई कुलो निर्माण | ३ | |
| ६ | माछेताल घ्याङ्खोला गोठेरी खानेपानी मर्मत | ११ | |
| ७ | तल्लो भर्याङ आपखोली सिचाँई कुलो मर्मत | १ | |

**निर्णय नं. ०५ (ख)**: सि एम सि नेपाल र भेरीगंगा नगरपालिकाको सहकार्यमा संचालित मानसिक स्वास्थ्य कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी भेरीगंगा ६ बस्ने श्री दुर्गा वि.सि. लाइ फिल्ड कर्मचारीको रुपमा दैनिक ज्यादारीमा सेवा खरिद गरी नियुक्त गर्न प्रमुख प्रशासकिय अधिकृतलाइ जिम्मेवारी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०५ (ग)**: बिभिन्न कारणले संकट र पिडामा परेका महिला तथा बालबालिकाहरुलाइ उद्दार गर्नका लागि अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र OCMC प्रदेश अस्पताल कर्णाली प्रदेश सुर्खेतको प्राप्त पत्र अनुसार एकद्धार संकट व्यवस्थापन गर्न तथा विभिन्न कार्यक्रम संचालनका लागि वजेट माग गरिएकोमा उक्त कार्यका लागि यस नगरपालिकाको समपुरक कोषवाट रु ६,००,०००। छ लाख रकम उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।